मिति २०८३ साल जेठ महिनाको २७ गते बुधबारको दिन यस जुगल गाउँपालिकाको कार्यपालिका बैठक गाउँपालिका अध्यक्ष श्री रेशम स्याङ्वोज्यूको अध्यक्षता र देहाय बमोजिमको सदस्यहरुको उपस्थितिमा निम्न बमोजिमको निर्णय गरी सम्पन्न गरियो।

उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री रेशम स्याङ्वो<br>(गा.पा. अध्यक्ष) | अध्यक्ष | |
| २. | श्री हिमाल कुमार श्रेष्ठ<br>(गा.पा. उपाध्यक्ष) | उपाध्यक्ष | |
| ३. | श्री जनक बहादुर तामाङ<br>(१ नं वडा अध्यक्ष) | सदस्य | |
| ४. | श्री चन्द्रकाजी लामा<br>(२ नं वडा अध्यक्ष) | सदस्य | |
| ५. | श्री लक्ष्मान लामा दोङ<br>(३ नं वडा अध्यक्ष) | सदस्य | |
| ६. | श्री प्रेम तामाङ<br>(४ नं वडा अध्यक्ष) | सदस्य | |
| ७. | श्री रविन्द्र घिमिरे<br>(५ नं वडा अध्यक्ष) | सदस्य | |
| ८. | श्री टंक तामाङ<br>(६ नं वडा अध्यक्ष) | सदस्य | |
| ९. | श्री रवि तामाङ<br>(७ नं वडा अध्यक्ष) | सदस्य | |
| १०. | श्री सुनमाया सुनार | सदस्य | |
| ११. | श्री हेलामो तामाङ | सदस्य | |
| १२. | श्री सञ्जु नेपाली | सदस्य | |
| १३. | श्री दावा सिङ्वो शेर्पा | सदस्य | |
| १४. | श्री माया वि.क. | सदस्य | |
| १५. | श्री कविता माया श्रेष्ठ | सदस्य | |
| १६. | श्री गौरवराज के सी | सदस्य सचिव | |

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प्रस्तावहरु

१. गाँउ सभाको तयारी सम्बन्धमा ।

२. पूर्ण खोप घोषणा सम्बन्धमा ।

३. योजना अनुगमन तथा मूल्यांकन समितिको प्रतिवेदन सम्बन्धमा ।

४. आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर करारोपण नगरेको सम्बन्धमा ।

५. ठेक्काको म्याद थप सम्बन्धमा ।

६. आ ब २०८१०८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदन सम्बन्धमा ।

७. करार सम्झौता अन्त्य गर्ने सम्बन्धमा ।

८. मासिक आय/व्यय छलफल सम्बन्धमा ।

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७२

१. निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा जुगल गाउँपालिकाको आगामी गाँउ सभाको अधिवेशन २०८३ साल असार १० गतेका लागि बोलाउने निर्णय गरियो ।

२. निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा जुगल गाउँपालिकाको यस जुगल गाउँपालिकाका ७ वटै वडाहरूमा रहेका निश्चित उमेर समूहका (जन्मेदेखि १५ महिना सम्मका) सम्पूर्ण बालबालिकाहरूले नेपाल सरकारको राष्ट्रिय खोप तालिका बमोजिम पाउनुपर्ने सबै प्रकारका आधारभूत खोपहरू पाए/नपाएको सम्बन्धमा स्वास्थ्यकर्मी, महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र वडा स्तरीय खोप समन्वय समिति मार्फत घरधुरी सर्वेक्षण तथा सघन अनुगमन कार्य सम्पन्न भइसकेको छ।

उक्त प्रतिवेदन तथा वडा कार्यालयहरूको सिफारिसका आधारमा पालिकाका सम्पूर्ण योग्य बालबालिकाहरूले पूर्ण रूपमा खोप पाई कुनै पनि बालबालिका खोप पाउनबाट नछुटेको सुनिश्चित भएकाले स्वास्थ्य शाखाको प्रस्ताव बमोजिम जुगल गाउँपालिकालाई 'पूर्ण खोप सुनिश्चितता तथा दिगोपना गाउँपालिका' घोषणा गर्ने निर्णय सर्वसम्मत रूपमा गरिन्छ।

३. निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिकाको आर्थिक वर्ष २०८२/०८३ मा स्वीकृत भई सञ्चालित विभिन्न योजना तथा कार्यक्रमहरूको भौतिक एवं वित्तीय प्रगति, गुणस्तर र प्रभावकारिताका सम्बन्धमा गाउँपालिकाका आदरणीय उपाध्यक्ष एवं योजना अनुगमन तथा मूल्याङ्कन समितिका संयोजक श्री हिमाल कुमार श्रेष्ठज्यूको नेतृत्वमा गठित समितिले स्थलगत निरीक्षण, नापजाँच र सरोकारवालाहरूसँगको समन्वयमा तयार पारेको 'वार्षिक/त्रैमासिक योजना अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन, २०८३' माथि छलफल गर्दा अनुगमन कार्यलाई निष्पक्ष र वस्तुपरक ढंगले सम्पन्न गरी प्रतिवेदन पेश गर्नु भएकोमा अनुगमन तथा मूल्याङ्कन समितिका संयोजक, सदस्यहरू तथा प्राविधिक कर्मचारीहरूलाई धन्यवाद दिई प्रतिवेदन स्वीकार गर्ने निर्णय गरियो ।

४. निर्णय नं ४

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

प्रस्ताव नं.४ माथि छलफल गर्दा यस गाँउपालिकाको आर्थिक ऐन मार्फत तोकेका करका करका दरहरु र संकलन गरिएका राजश्व पूर्ण रुपमा संविधान र कानूनको परिधिभित्र मात्र रहेको पाइयो । साथै गाँउपालिकाले आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गई वा अन्य सरकारको अधिकार क्षेत्रमा हस्तक्षेप हुने गरी कुनै प्रकारको दोहोरो करारोपण गरेको भनी आवश्यक छलफल गरी निर्णय गरियो ।

५. निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा यस गाउँपालिका र सिद्धार्थ निर्माण सेवाबीच जुगल मिनिरंगशाला थप संरचना निर्माणको लागि मिति २०८२।१०।११ गते सम्झौता भएको र उक्त सम्झौताको म्याद मिति २०८३।०२।३० गते समाप्त हुने भएको हुदाँ उक्त आयोजनाको मिति २०८३।०८।३० सम्म थप गर्ने निर्णय गरियो ।

६. निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिकाको चालु आर्थिक वर्ष २०८२/०८३ को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तर्गतका सम्पूर्ण योजना तथा कार्यक्रमहरूको उपभोक्ता समिति वा निर्माण व्यवसायीसँग गरिने सम्झौता कार्य २०८३ साल वैशाख मसान्त (वैशाख ३१ गते) सम्ममा मात्र सम्पन्न गर्ने निर्णय गरियो। यस निर्णयको बारेमा नगरपालिकाको सूचना पाटी, वेबसाइट र वडा कार्यालयहरू मार्फत सम्बन्धित उपभोक्ता समिति तथा सरोकारवालाहरूलाई तत्काल जानकारी गराउने र वैशाख मसान्तभित्र सम्झौता गर्न नआउने योजनाहरूको हकमा विशेष परिस्थिति बाहेक अन्य अवस्थामा सम्झौता नगर्ने र त्यस्ता योजनाहरूको बजेट रोक्का राख्ने निर्णय गरियो।

७. निर्णय नं ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा गोल्चे स्वास्थ्य चौकीमा अ.न.मी. पदमा करार सेवामा कार्यरत कर्मचारी सविना भण्डारीले आफ्नो पदीय जिम्मेवारी अनुसारको **कार्यसम्पादन सन्तोषजनक रुपमा नगरेको,** कार्यालयको आन्तरिक अनुशासन पालना नगरेको र कार्यालयको पूर्व स्वीकृत विना नै **लामो समयदेखि कार्यक्षेत्रमा अनुपस्थित** रही स्वास्थ्य जस्तो संवेदनशील सेवामा अवरोध पुऱ्याएको पाइएको छ। निज कर्मचारीलाई आफ्नो बचाउ गर्न र अनुपस्थित हुनुको कारण पेश गर्न गाउँपालिकाले मिति २०८३/०१/१६ गते सोधेको स्पष्टीकरणको जवाफ चित्तबुझ्दो नभएकोले निज सविना भण्डारीसँग भएको करार सम्झौताको बुँदा नं. ७ मा

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

उल्लेखित शर्तहरू बमोजिम निजलाई आजकै मितिदेखि लागू हुने गरी करार सेवाबाट हटाउने (करार अन्त्य गर्ने) निर्णय गरियो।

८. निर्णय नं ८

प्रस्ताव नं ८ माथि छलफल गर्दा यस गाँउपालिकाको आ ब २०८२०८३ को विनियोजित नीति तथा कार्यक्रम योजना र बजेट वैशाख महिनाको आय/व्ययको विवरण देहाय बमोजिमको रहेको छ ।

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

# जुगल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक
**Office Code : ८०३२७५०२३००**

### आय व्ययको बिबरण

FY : २०८२/८३ अवधी : २०८३/०१/०१-२०८३/०१/३१

**आय**

| शीर्षक | प्रस्तावित आय | वास्तविक आय | Income(%) | मौज्दात |
|---|---|---|---|---|
| संघीय सरकार | ३५,४४,५१,०००.०० | ०.०० | ० | ३५,४४,५१,०००.०० |
| १३३११ समानिकरण अनुदान | ११,१३,००,०००.०० | ०.०० | ० | ११,१३,००,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | २०,७८,५१,०००.०० | ०.०० | ० | २०,७८,५१,०००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ६,००,०००.०० | ०.०० | ० | ६,००,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | १,९०,००,०००.०० | ०.०० | ० | १,९०,००,०००.०० |
| १३३१५ विषेश अनुदान पुँजीगत | ८९,००,०००.०० | ०.०० | ० | ८९,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | ६८,००,०००.०० | ०.०० | ० | ६८,००,०००.०० |
| प्रदेश सरकार | ६,७४,४२,०००.०० | (५७,२१,५००.००) | -८.४८ | ७,३१,६३,५००.०० |
| १३३११ समानिकरण अनुदान | १,१०,२८,०००.०० | ०.०० | ० | १,१०,२८,०००.०० |
| १३३१२ शसर्त अनुदान चालु | १,७१,१४,०००.०० | (५७,२१,५००.००) | -३३.४३ | २,२८,३५,५००.०० |
| १३३१३ शसर्त अनुदान पुँजीगत | ५०,००,०००.०० | ०.०० | ० | ५०,००,०००.०० |
| १३३१४ विषेश अनुदान चालु | ७०,००,०००.०० | ०.०० | ० | ७०,००,०००.०० |
| १३३१७ समपुरक अनुदान पुँजीगत | २,७३,००,०००.०० | ०.०० | ० | २,७३,००,०००.०० |
| राजस्व बाडफाड | १५,५७,२४,९३९.०० | १,२८,६३,३४४.५८ | ८.२६ | १४,२८,६१,५९४.४२ |
| ११३१५ घरजग्गा रजिष्ट्रेशन दस्तुर | ०.०० | ०.०० | ० | ०.०० |
| ११४११ बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर | ७,९४,०७,४७२.०० | ५९,०१,०३३.५५ | ७.४३ | ७,३५,०६,४३८.४५ |
| ११४२१ बाँडफाँड भएइ प्राप्त हुने अन्तःशुल्क | २,६४,०२,४९१.०० | २२,०९,७९२.९९ | ८.३६ | २,४१,९२,६९८.०१ |
| ११४५६ बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | ३,९९,१४,९७६.०० | ३१,२९,२००.०४ | ७.८४ | ३,६७,८५,७७५.९६ |
| १४१५७ बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १,००,००,०००.०० | १६,२३,३१८.०० | १६.२३ | ८३,७६,६८२.०० |
| अन्तरिक श्रोत | ६,१०,४४,५७६.१३ | १,४३,९४०.३८ | ०.२४ | ६,०९,००,६३५.७५ |
| ११३१४ भुमिकर/मालपोत | ९,५०,०००.०० | ८५,०६५.३८ | ८.९४ | ८,६४,९३४.६२ |
| ११३१७ वहाल कर | २,५०,०००.०० | ३६,९००.०० | १४.७६ | २,१३,१००.०० |
| ११६३१ कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर | ३,००,०००.०० | १४,७७५.०० | ४.९३ | २,८५,२२५.०० |
| १४२४९ अन्य दस्तुर | ८,००,०००.०० | ७,२००.०० | ०.९ | ७,९२,८००.०० |
| १४२५३ व्यावसाय रजिष्ट्रेशन दस्तुर | १९,००,०००.०० | ०.०० | ० | १९,००,०००.०० |
| १४३१२ प्रशासनिक दण्ड, जरिवाना र जफत | ७,००,०००.०० | ०.०० | ० | ७,००,०००.०० |
| १५१११ बेरूजू | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |

**व्यय**

| शीर्षक | बार्षिक बजेट | खर्च | खर्च(%) | मौज्दात |
|---|---|---|---|---|
| चालु | ३८,१२,३३,०१५.१३ | १,९०,६८,०९५.०० | ५ | ३६,२१,६४,९२०.१३ |
| २११११ पारिश्रमिक कर्मचारी | ४,११,८८,०००.०० | १५,१२,३३७.०० | ३.६७ | ३,९६,७५,६६३.०० |
| २११२१ पोशाक | ८,३०,०००.०० | ३,७०,०००.०० | ४४.५८ | ४,६०,०००.०० |
| २११२३ औषधीउपचार खर्च | ९,८०,०००.०० | ०.०० | ० | ९,८०,०००.०० |
| २११३१ स्थानीय भत्ता | ८,००,०००.०० | ३२,८९०.०० | ४.११ | ७,६७,११०.०० |
| २११३२ महंगी भत्ता | १७,००,०००.०० | ४५,०००.०० | २.६५ | १६,५५,०००.०० |
| २११३४ कर्मचारीको बैठक भत्ता | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| २११३५ कर्मचारी प्रोत्साहन तथा पुरस्कार | ०.०० | ०.०० | ० | ०.०० |
| २११४१ पदाधिकारी बैठक भत्ता | ६,००,०००.०० | ०.०० | ० | ६,००,०००.०० |
| २११४२ पदाधिकारीअन्य सुबिधा | ६४,७२,९६३.०० | १२,९६,०००.०० | २०.०२ | ५१,७६,९६३.०० |
| २१२११ कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| २१२१२ कर्मचारीको योगदानमा आधारित निवृतभरण तथा उपदान कोष खर्च | ०.०० | ०.०० | ० | ०.०० |
| २१२१३ कर्मचारीको योगदानमा आधारित बीमा कोष खर्च | ५,००,०००.०० | ३,६००.०० | ०.७२ | ४,९६,४००.०० |
| २२१११ पानी तथा बिजुली | ५,००,०००.०० | ६२,०५०.०० | १२.४१ | ४,३७,९५०.०० |
| २२११२ संचार महसुल | ६,००,०००.०० | ०.०० | ० | ६,००,०००.०० |
| २२२१२ इन्धन (कार्यालय प्रयोजन) | ४०,००,०००.०० | ३,८४,३२३.०० | ९.६१ | ३६,१५,६७७.०० |
| २२२१३ सवारी साधन मर्मत खर्च | ३०,००,०००.०० | ५०,०००.०० | १.६७ | २९,५०,०००.०० |
| २२२१४ बिमा तथा नवीकरण खर्च | ५,००,०००.०० | ०.०० | ० | ५,००,०००.०० |
| २२२२१ मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | ८,५०,०००.०० | ०.०० | ० | ८,५०,०००.०० |
| २२२९१ अन्य सम्पत्तिहरूको संचालन तथा सम्भार खर्च | २२,००,०००.०० | ०.०० | ० | २२,००,०००.०० |
| २२३११ मसलन्द तथा कार्यालय सामाग्री | ४६,००,०००.०० | ०.०० | ० | ४६,००,०००.०० |
| २२३१५ पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च | ३४,२०,०००.०० | ९०,०००.०० | २.६३ | ३३,३०,०००.०० |
| २२३१९ अन्य कार्यालय संचालन खर्च | ३३,२०,०००.०० | ४,१३,०००.०० | १२.४४ | २९,०७,०००.०० |
| २२४११ सेवा र परामर्श खर्च | २२,००,०००.०० | ०.०० | ० | २२,००,०००.०० |
| २२४१२ सूचना प्रणाली तथा सफ्टवेयर संचालन खर्च | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| २२४१३ करार सेवा शुल्क | १,७०,००,०००.०० | १६,०५,०८६.०० | ९.४४ | १,५३,९४,९१४.०० |
| २२४१४ सरसफाईसेवा शुल्क | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| २२४१९ अन्य सेवा शुल्क | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| २२५११ कर्मचारी तालिम खर्च | ५,००,०००.०० | ४,९८,३९०.०० | ९९.६८ | १,६१०.०० |

जुगल गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बराम्ची, सिन्धुपाल्चोक बागमती प्रदेश, नेपाल २०७३

**गौरिवराज के सी**
**प्रमुख प्रशासकीय अधिकृत**

# जुगल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक
**Office Code : ८०३२७५०२३००**

### आय व्ययको बिबरण

FY : २०८२/८३ अवधी : २०८३/०१/०१-२०८३/०१/३१

**आय**

| | | | | |
|---|---|---|---|---|
| ३२१२२ बैंक मौज्दात | ५,६०,४४,५७६.१३ | ०.०० | ० | ५,६०,४४,५७६.१३ |
| जम्मा | ६३,८६,६२,५१५.१३ | ७२,८५,७८४.९६ | १.१४ | ६३,१३,७६,७३०.१७ |

**व्यय**

| | | | | |
|---|---|---|---|---|
| २२५१२ सीप विकास तथा जनचेतना तालिम तथा गोष्ठी सम्बन्धी खर्च | ८,००,०००.०० | ०.०० | ० | ८,००,०००.०० |
| २२५२२ कार्यक्रम खर्च | २,१४,३०,०००.०० | १८,८१,०७३.०० | ८.७७ | १,९५,४८,९२७.०० |
| २२५२९ विविध कार्यक्रम खर्च | २,३९,९५,०००.०० | २५,४३,९६०.०० | १०.६ | २,१४,५१,०४०.०० |
| २२६११ अनुगमन, मूल्यांकन खर्च | ३,००,०००.०० | ०.०० | ० | ३,००,०००.०० |
| २२६१२ भ्रमण खर्च | १२,००,०००.०० | ५९,६२०.०० | ४.९७ | ११,४०,३८०.०० |
| २२६१९ अन्य भ्रमण खर्च | २,१८,०००.०० | ०.०० | ० | २,१८,०००.०० |
| २२७११ विविध खर्च | ४२,२०,०००.०० | १,४३,१००.०० | ३.३९ | ४०,७६,९००.०० |
| २२७२१ सभा सञ्चालन खर्च | ३,५०,०००.०० | ०.०० | ० | ३,५०,०००.०० |
| २५३११ शैक्षिक संस्थाहरूलाई सहायता | १९,५५,३५,०००.०० | ५६,१२,१६३.०० | २.८७ | १८,९९,२२,८३७.०० |
| २५३१२ स्वास्थ संस्थाहरूलाई सहायता | १,३६,७८,०००.०० | २६,२१०.०० | ०.१९ | १,३६,५१,७९०.०० |
| २७१११ सामाजिक सुरक्षा | ४,००,०००.०० | ०.०० | ० | ४,००,०००.०० |
| २७११२ अन्य सामाजिक सुरक्षा | १२,००,०००.०० | ७,८३,८९३.०० | ६५.३१ | ४,१६,१०७.०० |
| २७२१२ उद्दार, राहत तथा पुनर्स्थापना खर्च | १,०९,००,०००.०० | १४,६६,५००.०० | १३.४५ | ९४,३३,५००.०० |
| २७२१३ औषधीखरिद खर्च | ४५,००,०००.०० | ५६,०००.०० | १.२४ | ४४,४४,०००.०० |
| २७२१९ अन्य सामाजिक सहायता | ६,००,०००.०० | ३५,०००.०० | ५.८३ | ५,६५,०००.०० |
| २८१४२ घरभाडा | २,००,०००.०० | ६९,३००.०० | ३४.६५ | १,३०,७००.०० |
| २८१४३ सवारी साधन तथा मेशिनर औजार भाडा | १०,००,०००.०० | २८,६००.०० | २.८६ | ९,७१,४००.०० |
| २८२११ राजस्व फिर्ता | १५,६१,०७६.१३ | ०.०० | ० | १५,६१,०७६.१३ |
| २८२१९ अन्य फिर्ता | १२,३४,९७६.०० | ०.०० | ० | १२,३४,९७६.०० |
| पूंजीगत | २५,७४,२९,५००.०० | ३,६७,२८,३०९.०० | १४.२७ | २२,०७,०१,१९१.०० |
| ३११११ आवासीय भवन निर्माण/खरिद | ४६,५०,०००.०० | ४,२९,०००.०० | ९.२३ | ४२,२१,०००.०० |
| ३१११२ गैर आवासीय भवन निर्माण/खरिद | ३६,००,०००.०० | ०.०० | ० | ३६,००,०००.०० |
| ३१११३ निर्मित भवनको संरचनात्मक सुधार खर्च | ४०,००,०००.०० | ५,१५,०००.०० | १२.८८ | ३४,८५,०००.०० |
| ३११२१ सवारी साधन | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ३११२२ मेशिनरी तथा औजार | १७,८०,०००.०० | ०.०० | ० | १७,८०,०००.०० |
| ३११२३ फर्निचर तथा फिक्चर्स | १०,००,०००.०० | ०.०० | ० | १०,००,०००.०० |
| ३११३४ कम्प्युटर सफ्टवेयर निर्माण तथा खरीद खर्च | ७,५०,०००.०० | ०.०० | ० | ७,५०,०००.०० |
| ३११५१ सडक तथा पूल निर्माण | १०,१०,९०,०००.०० | २,३५,०५,८०९.०० | २३.२५ | ७,७५,८४,१९१.०० |
| ३११५३ विद्युत संरचना निर्माण | १,००,०००.०० | ०.०० | ० | १,००,०००.०० |
| ३११५४ तटबन्ध तथा बाँधनिर्माण | ४४,३०,०००.०० | २,९०,५००.०० | ६.५६ | ४१,३९,५००.०० |
| ३११५५ सिंचाई संरचना निर्माण | १,०९,५०,०००.०० | ६,६०,०००.०० | ६.०३ | १,०२,९०,०००.०० |

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

# जुगल गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय, सिन्धुपाल्चोक
**Office Code : ८०३२७५०२३००**

**आय व्ययको बिबरण**

FY : २०८२/८३ अवधी : २०८३/०१/०१-२०८३/०१/३१

| आय | व्यय | | | | |
|---|---|---|---|---|---|
| | ३११५६ खानेपानी संरचना निर्माण | ४३,६४,०००.०० | ८,५४,०००.०० | १९.५७ | ३५,१०,०००.०० |
| | ३११५८ सरसफाई संरचना निर्माण | १३,५०,०००.०० | ५,३२,०००.०० | ३९.४ | ८,१८,०००.०० |
| | ३११५९ अन्य सार्वजनिक निर्माण | ११,८२,१५,५००.०० | ९९,४२,०००.०० | ८.४१ | १०,८२,७३,५००.०० |
| | ३११६१ निर्मित भवनको संरचनात्मक सुधार खर्च | १,५०,०००.०० | ०.०० | ० | १,५०,०००.०० |
| | जम्मा | ६३,८६,६२,५१५.१३ | ५,५७,९६,४०४.०० | ८.७३ | ५८,२८,६६,१११.१३ |

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

विविध

- यस गाँउपालिकाको वडा नं ५ निवासी २३ वर्षीया साँग लामु तामाङ ३ महिनाको सुत्केरी हुन्, उनी मानसिक रुपमा अस्वस्थ अवस्थामा रहेको, घरमा खानपानको अभाव रहेको, उनको आर्थिक अवस्था कमजोर रहेको, घरमा रहँदा श्रीमान् ले कुटपिट गर्ने हुनाले उनको र शिशुको स्वास्थ्य अवस्था जोखिमपूर्ण रहेको हुदाँ शान्ति फाउन्डेसनको सहयोगमा निजलाई गैरसरकारी संस्थामा उपचार हेरचाहसहित सुरक्षित आवासमा राखेको थियो ।हाल उनको अवस्था केही सुधार हुँदै आएतापनि अझै केही समय औषधि सेवन तथा मनोसामाजिक परामर्श देखिएको र शान्ति फाउन्डेसनले ३ महिनासम्म उक्त संस्थामा राख्दा राखे खर्च व्यहोरोको र अब थप खर्च व्यहोर्न संस्था असमर्थ रहेको हुदाँ निज साँग लामु तामाङलाई कोशिश नेपालमा थप १ महिना राखी उपचार गर्न र सो बापत लाग्ने खर्च रु ४५,०००.०० अन्य सामाजिक आर्थिक सहायता शिर्षकबाट गाँउपालिकाले व्यहोर्ने निर्णय गरियो ।

- बालबालिका सम्बन्धी ऐन, २०७५ तथा बालबालिका सम्बन्धी नियमावली, २०७८ बमोजिम स्थानीय तहमा बालबालिकाको अधिकार संरक्षण, प्रवर्द्धन तथा बाल अधिकार सम्बन्धी घटनाहरूको आवश्यक अनुगमन र व्यवस्थापन गर्नका लागि "बाल कल्याण अधिकारी" तोक्नुपर्ने कानुनी प्रावधान रहेको सन्दर्भमा यस गाँउपालिकाको शिक्षा शाखामा कार्यरत प्राविधिक सहायक श्री कल्पना कुमारी पाध्यालाई बाल संरक्षण सम्बन्धी कामकाज समेत हेर्ने गरी "बाल कल्याण अधिकारी" को जिम्मेवारी तोक्ने निर्णय गरियो।

- २०८२ चैत्र महिनामा सञ्चालित SEE परिक्षामा आफ्ना विद्यार्थीहरूलाई उत्कृष्ट ढङ्गले अध्यापन गराई एस.ई.ई. परीक्षामा शत प्रतिशत (१००%) नतिजा (उत्तीर्ण गराउन) ल्याउन सफल गाउँपालिका भित्रका विद्यालयहरूलाई उच्च कदर गर्दै विशेष सम्मान पत्रद्वारा पुरस्कृत गर्ने। साथै एस.ई.ई. (SEE) परीक्षामा ३.६० GPA वा सोभन्दा बढी अंक (GPA) ल्याउने यस गाउँपालिका भित्रका सम्पूर्ण विद्यार्थीहरूलाई प्रोत्साहन स्वरूप जनही नगद रु. ५,०००/- (अक्षरेपी पाँच हजार रुपैयाँ मात्र) र प्रशंसा पत्र/प्रमाणपत्र सहित सम्मान गर्ने। उक्त पुरस्कार तथा सम्मान कार्यक्रम आगामी सार्वजनिक समारोहमा आयोजना गर्ने र सोको लागि आवश्यक

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३

खर्च पालिकास्तरीय अतरिक्त क्रियाकलाप कार्यक्रम सञ्चालन शिर्षकबाट व्यहोर्ने निर्णय गरियो ।

- यस जुगल गाउँपालिका अन्तर्गत रहेका पूर्ण अशक्त अर्थात् 'क' वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेका बुबाआमा, दाजुभाइ तथा दिदीबहिनीहरूको दैनिक जीवनयापनलाई सहज बनाउन प्रदेश सशर्त अन्तर्गत समुदायमा आधारित पुनःस्थापन (CBR) कार्यक्रमको रु. ३,००,०००/- (तीन लाख रुपैयाँ) र CBR साझेदारी कार्यक्रमः रु. २,००,०००/- (दुई लाख रुपैयाँ) गरी कुल जम्मा बजेटः रु. ५,००,०००/- (अक्षरेपी पाँच लाख रुपैयाँ मात्र) बजेटबाट 'क' वर्गका अपाङ्गता भएका व्यक्तिहरूको शारीरिक आवश्यकताका आधारमा आवश्यक पर्ने सहायक सामग्रीहरू (जस्तैः ह्विलचियर, वैशाखी, कमोड चियर आदि) प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रही खरिद गर्ने निर्णय गरियो। खरिद गरिएका उक्त सहायक सामग्रीहरू महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखा को सिफारिस र लगतका आधारमा वास्तविक पहिचान गरी 'क' वर्गका अपाङ्गता भएका व्यक्तिहरूलाई निःशुल्क रूपमा वितरण गर्ने व्यवस्था मिलाउन गाँउ कार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय समेत गरियो ।

गौरवराज के सी
प्रमुख प्रशासकीय अधिकृत

जुगल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बराम्ची, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल
२०७३